# राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयको आधार तयार गर्नका लागि स्थानीय तहमा TEVT सञ्जाल गठन तथा परिचालन मापदण्ड २०८०

## १. पृष्ठभूमिः

नेपालको संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाउने नीति लिएको छ ।मूलत ३ प्रकारका शिक्षा प्रणाली औपचारिक (formal), अनौपचारिक (non-formal) तथा अरितिक (informal) माध्यमबाट नागरिकहरुले शिक्षा आर्जन गरिरहेका हुन्छन् । शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, गुणस्तर सुधार र व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्ने र व्यावसायिक, सीपमूलक र गुणस्तरीय शिक्षाको माध्यमबाट प्रतिष्पर्धी, उद्यमी र नवपर्वतनशील मानव पुँजीको विकास गरी आर्थिक, सामाजिक रूपान्तरणमा योगदान गर्ने सोचका साथ शिक्षा प्रणालीले काम गर्नुपर्छ भन्ने मुलभूत लक्ष्य प्राप्तिका लागि राष्ट्रिय योग्यता प्रारूप स्वीकृत भएको हो ।

औपचारिक साधारण शिक्षा पद्धती, प्राविधिक तथा व्यावसायिक शिक्षा पद्धती, अनौपचारिक शिक्षा एवम् अरितिक शिक्षा प्रणाली जस्तै परम्परागत वा अनुभवका आधारमा हासिल गरेको शिक्षाको पहिचान र स्तरीकरणका लागि प्रभावकारी रुपमा व्यवस्थापन गरी नागरिकहरुले प्राप्त गरेका शिक्षालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यता प्राप्तीका लागि राष्ट्रिय योग्यता प्रारुप तयार भएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले राष्ट्रिय योग्यता प्रारुपमा आधारति शिक्षा प्रणाली लागु गर्ने नीति लिएको छ । राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीलाई कार्यगत रुपमा अघि बढाउने उद्देश्यले नेपाल सरकार, मन्त्रीपरिषद्ले मिति २०७७/०१/०३ गते राष्ट्रिय योग्यता प्रारुप स्वीकृत गरेको छ । व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनको आधार तयार गर्न सहयोग पुऱ्याउनका लागि स्थानीय तहस्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको लागि समन्वय सञ्जाल स्थापित गरी कार्यान्वयन गर्दा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको विषयमा जानकारी एवम् सचेतना अभिवृद्धि भई बढीभन्दा बढी लाभान्वित हुन सक्नेछन । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२, र प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी मर्स्याङ्दी गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

मर्स्याङ्दी गाउँपालिका

## औचित्यः

सिप भएका तर सिपको मान्यता प्राप्त प्रमाणपत्र नभएका युवाहरुलाई सिप परिक्षण गराई सिपको प्रमाण पत्र प्रदान गरी सिप अनुसारको काम पाउन सहज बनाउनको लागि नेपाल सरकारले राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीलाई देशव्यापी रुपमा लागू गर्ने क्रममा छ । परम्परागत पेशा, निजी क्षेत्र, अनौपचारिक क्षेत्रमा काम गरिरहेका युवाहरुले काम गर्ने क्रममा व्यावसायिक सिप विकास गरिसकेका हुन्छन । आफूसँग भएको सिपको महत्व थाहा नभएर बेरोजगार, न्यून ज्यालादार/पारिश्रमिक,अनिश्चित, अनियमित वा असुरक्षित रोजगारीमा काम गरिरहेका जनशक्तिहरुका सवालहरुलाई पहिचान र सम्बोधन गरी उपयुक्त निकासको लागि व्यावसायिक योग्यता प्रणाली लागु भएको हो ।

प्रणाली अन्तर्गत प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (Technical and Vocational Education and Training-TVET) एक मूख्य अवयव भएकोले यस सम्बन्धी जानकारी तथा कार्यहरुलाई समूदाय स्तरसम्म व्यापक बनाउँदै लैजाने उद्देश्यले स्थानीय तह, जिल्लास्तर र प्रदेशस्तरीय TVET सयन्त्र तथा संजाल निर्माण गरी कार्यान्वयन गर्दा प्रणालीका लागि सञ्जालले आधार संरचनाको काम गर्नेछ ।

## २. उद्देश्यः

क) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम, सिप विकास एवम् परिक्षण, रोजगारीका अवसरहरुको बारेमा लक्षित वर्गलाई सुशुचित गर्ने कार्यमा स्थानीय तहलाई सहयोग गर्ने,

ख) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली लागू एवम् संस्थागत गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार एवम् प्रवर्धन गर्न तीनै तहका सरकारहरुको समन्वयात्मक भूमिकालाई स्थापित गर्ने ।

## ३. विद्यालयस्तरको TVET सञ्जाल गठनः

TVET सम्बन्धी विषयमा अधिकतम मानिसहरुलाई जानकारी प्रदान गरी राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वनलाई लक्ष्यउन्मुख गराउन सबै माध्यमिक विद्यालयहरुमा **विद्यालयस्तरको TVET सञ्जाल गठन** गरी परिचालन गर्नु पर्नेछ । सञ्जाल गठन गर्दा देहाय बमोजिमका सदस्यहरु रहने गरी एक माध्यमिक विद्यालयस्तरीय सञ्जाल गठन गर्ने ।

क. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

ख. माध्यमिक विद्यालयका शिक्षक र प्रशिक्षकहरु मध्येबाट २/२ जना- सदस्य

ग. अभिभावकहरु मध्येबाट कम्तीमा २ जना महिला सहित ५ जना- सदस्य

घ. कक्षा (९-१०)/(११-१२) मा अध्ययनरत विद्यार्थीहरु मध्ये कम्तीमा २/२ जना छात्रा/छात्र - सदस्य

ङ. प्रधानाध्यापक- सदस्य सचिव

## ४.१ विद्यालयस्तरको TVET सञ्जालको जिम्मेवारीः

क. शिक्षक, विद्यार्थी, अभिभावकहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्व आवश्यकता सम्बन्धमा जानकारी गराउने,

ख. प्राविधिक तथा व्यावसायिक शिक्षाका क्षेत्र, अवधि र भर्ना समय एवम् पढाई हुने विद्यालय/शिक्षालय बारेमा समय समयमा जानकारी गराउने,

ग. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम हासिल गरेका समाजका व्यक्ति एवम् सफल व्यवसायीहरुलाई समय समयमा विद्यालयमा आमन्त्रण गरी उनीहरुका अनुभव एवम् सफल अभ्यासहरु प्रस्तुत गर्ने वातावरण सृजना गरी विद्यार्थी एवम् अभिभावकहरुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रति उत्साहित गराउनु,

घ. अन्तर विद्यालय समन्वय गरी आफ्ना अभ्यासहरु आदान प्रदान गर्ने,

ङ. आफ्नो विद्यालयले सञ्चालन गरेका प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रका गतिविधिहरु नियमित रुपमा स्थानीय तहकको शिक्षा महाशाखालाई जानकारी गराउने,

च. सामाजिक सञ्जालमा विभिन्न समूहहरु निर्माण गरी **TVET** सम्बन्धी विषयहरु प्रचार प्रसार गर्ने,

छ. स्थानीय तहको **TVET** सञ्जालका निर्णयहरु कार्यान्वयन गर्ने ।

## ४. स्थानीय तहमा TVET सञ्जालः

स्थानीय तहहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (Technical and Vocational Education and Training-TVET) सञ्जाल गठन गर्ने सम्बन्धमा स्थानीय तहहरुसँग प्रत्यक्ष रुपमा समन्वय एवम् सहकार्य प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयले गर्ने छ त्यसै गरी समान उद्देश्यका लागि कार्य गर्ने सरकारी, गैर सरकारी निजी क्षेत्रको पहिचान गर्ने आवश्यक सम्पर्क गरी स्थानीय तहहरुमा TVET सञ्जाल विस्तार गर्नुपर्नेछ ।

## ५.१ स्थानीय TVET समन्वय संयन्त्र गठनः

स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) सञ्जाल सञ्चालनका लागि देहाय बमोजिमको मूल समिति गठन गरी सञ्चालनमा ल्याइनेछ ।

### स्थानीय तहमा TVET सञ्जाल सञ्चालनको मूल समितिको संरचना देहाय बमोजिम हुनेछः

क. स्थानीय तहको उप प्रमुख/उपाध्यक्ष- संयोजक

ख. स्थानीय तहको सामाजिक विकास समितिको संयोजक- सदस्य

ग. स्थानीय तहको प्रशासन तथा योजना महाशाखा/ शाखा- सदस्य

घ. आर्थिक प्रशासन महाशाखा/ शाखा - सदस्य

मध्यपाँडे गाउँपालिका

ङ. स्थानीय तहको रोजगार संयोजक- सदस्य

च. रोजगारादाताहरुमध्येबाट स्थानीय तहले छनौट गरेका कम्तीमा १ जना महिला सहित ३ जना रोजगारदाताहरु- सदस्य

छ. विद्यालय स्तरको TVET सञ्जालका संयोजक मध्ये स्थानीय तहको सञ्जालले तोकेको २ जना- सदस्य

ज. स्थानीय तहको कृषि तथा पशु शाखाको कर्मचारी- सदस्य

झ. सम्बन्धित स्थानीय तहको शिक्षा, युवा तथा खेलकूद महाशाखा/शाखाप्रमुख- सदस्य सचिव

प्रमाणिकृत सिप परिक्षण केन्द्र सञ्चालनमा रहेका स्थानीय तहमा सिप परिक्षण केन्द्रहरु मध्ये सिप परिक्षण केन्द्रका पदाधिकारीहरुलाई सञ्जालको बैठक एवम् क्रियाकलापहरुमा सहभागि हुने व्यवस्था मिलाउनु पर्नेछ । बैठक कम्तीमा २ महिनाको एक पटक बस्नुपर्नेछ ।

**५.२ सञ्जालको कार्य विवरणः**

क. माध्यमिक विद्यालयस्तरको सञ्जाल गठन गर्न विद्यालयहरुलाई सहजिकरण गर्ने, विद्यालयस्तरीय सञ्जालको विवरण अध्यावधिक गर्ने, सञ्जालाई क्रियाशिल बनाउने,

ख. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको सम्बन्धमा साधारण तथा प्राविधिक दुवै प्रकृतिका विद्यालयमा अध्ययनरत विद्यार्थी र तीनका अभिभावहरुलाई व्यावसायिक योग्यता प्रणाली सम्बन्धमा जानकारी गराउने,

ग. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धमा सृजनात्मक एवम् नवप्रवर्तनात्मक प्रकृतिका प्रतियोगिताहरु सञ्चालन एवम् व्यवस्थापनका लागि स्थानीय तह एवम् प्रदेश सरकारलाई रचनात्मक सुझावहरु प्रदान गर्ने,

घ. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम, सिपमुलक तालिमहरु सम्बन्धमा जानकारीमूलक सूचनाहरु अद्यावधिक गरी आफ्नो स्थानीय तहका लक्षीत वर्गका लागि सूचना एवम् जानकारीहरु आवश्यकता अनुसार प्रचार प्रसार गर्ने,

ङ. व्यावसायिक योग्यता प्रणालीको उद्देश्य, कार्यान्वयन प्रकृया लागायतका प्रणालीसँग सम्बन्धित विषयवस्तुका सम्बन्धमा सबैले बुझ्ने भाषामा विषयवस्तु एकिकृत रुपमा तयार गरी स्थानीय तहका सरोकारवालाहरु समक्ष अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने,

च. विद्यालयका विद्यार्थीहरुलाई वार्षिक रुपमा **TVET** सम्बन्धमा अभिमुखिकरण गर्ने । **TVET** सम्बन्धी विषय सामाजिक सञ्जालको प्रयोग गरी विभिन्न ग्रुपहरु निर्माण गरी प्रचार प्रसार गरी सुशुचित गर्ने,

छ. रोजगार प्रदायक संस्थाहरुसँग समन्वय गरी रोजगारीका क्षेत्र एवम् अवसर, सिप विकास र प्रमाणिकरणका अवसर लगायतका विषयमा सूचना तथा जानकारीहरु प्रचार प्रसार गर्ने,

मर्स्याङ्दी गाउँपालिका

ज. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान (GTEVTA), प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरु, व्यावसायिक योग्यता प्रणाली प्राधिकरण (NVQA) रास्ट्रिय सिप परीक्षण समिति (NSTB) र प्रदेशको शिक्षा हेर्ने मन्त्रालयसँग आवश्यकता अनुसार समन्वय एवम् सहकार्य गर्ने,

झ. राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीलाई सफल रुपमा कार्यान्वयन गर्नका लागि आफ्नो स्थानीय तहका लागि आवश्यक स्रोतको पहिचान गर्ने, व्यवस्थित रुपमा कार्यान्वयनका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने,

ञ. व्यावसायिक योग्यता प्रणालीसँग सम्बन्धित कार्यक्रम अनुगमन गरी प्रभावकारी रुपमा कार्यान्वयनका लागि पृष्ठपोषण प्रदान गर्ने,

ट. व्यावसायिक योग्यता प्रणाली कार्यान्वनयका लागि प्रदेश र संघ सरकारका मन्त्रालय एवम् निकायहरुलाई रचनात्मक सुझावहरु उपलव्ध गराउने,

ठ. वार्षिक रुपमा सम्पादन भएका कार्यक्रमहरुको समग्र प्रतिवेदन तयार गरी स्थानीय तहमा पेश गर्ने

ड. तालिम तथा रोजगार व्यवस्थापन सूचना प्रणाली प्रयोगका लागि समन्वय एवम् सहजिकरण गर्ने ।

मर्स्याङ्दी गाउँपालिका